नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं

**प्राइभेट फर्म खारेजीका लागि आवश्यक कागजातहरु-चेक लिस्ट, २०८३**

१. सम्बन्धित प्राइभेट फर्म धनी (प्रोपाइटर) को निवेदन
२. प्राइभेट फर्म दर्ताको सक्कल प्रमाणपत्र
३. स्थायी लेखा नम्बर (PAN Certificate) दर्ताको प्रमाणपत्रको प्रतिलिपी
४. प्राइभेट फर्मले तिर्न बुझाउन पर्ने अघिल्लो आर्थिक वर्ष सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (Tax Clearance Letter)
५. प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको नवीकरण दस्तुर र जरिवाना
६. कुनै पनि दायित्व फर फारक गर्न बाँकी नरहेको स्वघोषणा
७. प्राइभेट फर्म सञ्चालनमा नरहेको भए सम्बन्धित वडा कार्यालयको सिफारिस

*पेश भएका सम्पूर्ण कागजातमा आधिकारिक व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्ने,

* फर्म खारेज गर्दा सक्कल प्रमाणपत्र संलग्न गरी नमूना अनुसारको निवेदन दिनु पर्नेछ ।

* माथि उल्लिखित कागजातहरु विभागको FMIS सफ्टवेयरमा अपलोड गरी अनलाइन आवेदन गर्नुपर्ने ।

* विभागबाट प्राइभेट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीका नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को प्राइभेट फर्म रजिष्ट्रर नगरिने कानूनी व्यवस्था रहेको छ ।

*प्राइभेट फर्मको रजिष्ट्रेशन खारेज गर्दा त्यस्तो प्राइभेट फर्मले ऐन तथा यस नियमावली बमोजिम तिर्न बुझाउन पर्ने दस्तुर तथा जरिवाना बाँकी रहेछ भने त्यस्तो प्राइभेट फर्मको धनीबाट सरकारी बाँकि सरह असुल उपर गरिनेछ ।

**प्राइभेट फर्मको संशोधन:**

*फर्मको ठेगाना परिवर्तन, उद्देश्य परिवर्तन, फर्मको नाम परिवर्तन, कारोबार, शाखा र फर्मको पूँजी थपघट गर्न चाहेमा निवेदन दिई तोकिएको दस्तुर लिई आवश्यक संशोधन गर्न सकिने ।

**प्राइभेट फर्मको प्रतिलिपी:**

*कुनै कारणवस फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी प्रमाणपत्र लिनुपर्ने भए फर्मधनी स्वयं उपस्थित भई निवेदन दिनुपर्नेछ ।

*प्रतिलिपी लिनका लागि फर्मधनी स्वयं दुई प्रति फोटो लिई उपस्थित हुनुपर्ने छ ।प्रतिलिपी वापत ३०० रुपैयाँ दस्तुर लाग्नेछ ।

शाखा अधिकृत

निर्देशक

स्रोत: प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र नियमावली, २०३४/वाणिज्य दिग्दर्शन-२०७०/प्राइभेट फर्म सम्बन्धी मापदण्ड, २०७१